# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ६, भागः२ संख्याः २, मितिः२०८०/०८/१२ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**प्रस्तावना :**

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान ओगटेको पशुपालन व्यवसायलाई ब्यवस्थित, मर्यादित एवम् व्यवसायिक बनाउदै स्वच्छ, स्वस्थ्य एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनहरू आम उपभोक्तासमक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि स्थानीय सरकार, कञ्चन गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा ब्यवस्था भए बमोजिम कञ्चन गाउँपालिका मातहत रहेको पशु सेवा शाखाबाट सञ्चालन हुने पशुपन्छी विकास सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले दिएको अधिकार प्रयोग गरी कञ्चन गाउँपालिकाले "पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम "पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि कञ्चन गाउँपालिका भर लागू हुनेछ ।

**२. परिभाषा:**

➢ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "गाउँपालिका" भन्नाले कञ्चन गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "शाखा" भन्नाले कञ्चन गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कञ्चन गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले कञ्चन गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "वडा अध्यक्ष" भन्नाले कञ्चन गाउँपालिका ५ वटै वडाका वडाध्यक्षहरुलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कञ्चन गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(छ) "शाखा प्रमुख" भन्नाले कञ्चन गाउँपालिका अन्तर्गत रहेको पशु सेवा शाखाको प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "अनुदान सिफारिस तथा अनुगमन समिति" भन्नाले कञ्चन गाउँपालिकामा पशु सेवा सम्बन्धी कार्यक्रम सञ्चालनको लागि कृषि तथा पशुपंक्षी ऐन, २०८० अनुसार नीतिगत ब्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन निर्णय तथा अनुगमन गर्नका लागि गठन भएको समितिलाई सम्झनु



कञ्चन गाउँपालिका स्थानीय राजपत्र

पर्छ ।

(झ) “वडा कार्यालय” भन्नाले कञ्चन गाउँपालिकाको वडा कार्यालयहरूलाई सम्झनु पर्छ ।

(ञ) “फार्म” भन्नाले व्यवसायिक रुपमा एकल किसिमका समुह रहेका पशु/पन्छी/मत्स्य पालन गरेको स्थानमा रहेको संरचनालाई सम्झनु पर्छ ।

(ट) “पशुपन्छी” भन्नाले गाई /गोरु, भैसी / राँगा, भेडा / बाख्रा, बङ्गुर / सँगुर, हांस / कुखुरा, र जङ्गली जनावर सम्झनु पर्छ ।

(ठ) “कृषक” भन्नाले पशुपन्छी तथा मत्स्य पालन गर्ने ब्यक्ति सम्झनु पर्छ ।

(ड) “समूह” भन्नाले पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संञ्चालनका लागि इच्छुक कृषकहरू भेला भइ गठन भएको कृषकको समूहलाई सम्झनु पर्छ ।

(ढ) “साझेदार” भन्नाले पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सहकार्यमा संञ्चालन गर्न इच्छुक कृषक / समूह / समिति / सहकारी / संघ संस्था / निजी फार्म समेतलाई जनाउंदछ ।

(ण) “साझेदारी” भन्नाले कार्यक्रम सञ्चालन गर्ने निकाय र पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालनका लागि इच्छुक साझेदारसँगको सहकार्यलाई जनाउंदछ ।

## ३. उद्देश्य :

➢ यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) कञ्चन गाउँपालिका अन्तर्गत रहेको पशु सेवा शाखाबाट सञ्चालन हुने पशु स्वास्थ्य तथा पशुपंक्षीमत्स्य विकास सम्बन्धी कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने ।

(ख) उत्पादन तथा उत्पादकत्वको बृध्दि का साथै आय आर्जन तथा स्वरोजगार सृजना गर्न सहयोग पुर्याउने ।

(ग) पशुपंक्षीमत्स्य तथा पशुपंक्षीमत्स्यजन्य पदार्थको उत्पादन बृध्दि गरी मानव पोषण सुरक्षामा सहयोग पुर्याउने ।

(घ) पशुपंक्षीमत्स्य व्यवसायीहरूको व्यवसायिक फार्म व्यवस्थापनबाट स्वस्थ्य, स्वच्छ पशुपंक्षीमत्स्य तथा पशुपंक्षीमत्स्य जन्य उत्पादन वृद्धि गरी उपभोक्ता समक्ष पुर्याउन असल व्यवस्थापन अभ्यासलाई प्रोत्साहन गर्ने ।

(ङ) पशुपंक्षीमत्स्य तथा पशुपंक्षीमत्स्य जन्य पदार्थ उत्पादनलाई बजारीकरण तथा विविधीकरणमा जोड दिदैं व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्महरूको विकास र विस्तारमा जोड दिदैं दुध, मासु, माछा र अण्डा उत्पादन गरी गाउँपालिकालाई आत्म निर्भर बनाउनुका साथै दुध, मासु, माछा र अण्डा निर्यातमा जोड दिने ।

## परिच्छेद - २



कञ्चन गाउँपालिका स्थानीय राजपत्र

# व्यवसायिक पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यक्रम सञ्चालन

## १. परिचय

यस कञ्चन गाउँपालिकामा बढ्दो जनसङ्ख्या एवम् शहरीकरण ले गर्दा दुध, माछा, मासु र अण्डाको माग बढ्दै गईरहेकोले गाई, भैसी, भेडा, बाखा, बङ्गुर कुखुरा तथा मत्स्य पालनमा ब्यवसायिकिकरण तथा आधुनिक प्रविधिको प्रयोग गर्दै दुध, माछा, मासु र अण्डाको उत्पादन बृध्दि, उत्पादन लागत घटाउन र विभिन्न किसिमका कार्यक्रम संचालन गर्नको लागी कृषकको बर्गिकरण तथा मापदण्ड निर्धारणमा सहयोग पुर्याउन यो व्यवसायिक पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यक्रम सञ्चालन विधि तयार गरिएको छ ।

## २. उद्देश्य :-

- यस फार्म दर्ता कार्यक्रम सञ्चालन विधिको उद्देश्य देहाय बमोजिम रहने छ :

  क) पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई आधुनिकरण तथा व्यवसायिकरण गर्ने ।

  ख) पशुपन्छी तथा मत्स्य पालन व्यवसायको उत्पादन लागत घटाउन सहयोग पुर्याउने ।

  ग) पशुपन्छी तथा मत्स्य पालन व्यवसायको गुणस्तरमा सुधार ल्याउने ।

  घ) रोजगारीको अवसर सिर्जना गर्न सहयोग गर्ने ।

  ङ) विभिन्न किसिमका कार्यक्रम संचालन गर्नको लागी कृषकको बर्गिकरण तथा मापदण्ड निर्धारणमा सहयोग पुर्याउने ।

  च) स्वच्छ तथा स्वस्थ दुध, मासु तथा अण्डा उत्पादन मा सहयोग पुर्याउने ।

## ३. व्यवसायिक पशुपन्छी तथा मत्स्य फार्म दर्ताको वर्गीकरण तथा अभिलेखीकरण प्रक्रिया :

### क) व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्मको वर्गीकरण :

- कञ्चन गाउँपालिका पशु सेवा शाखा रुपन्देहीले गाउँपालिका भित्रका व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्महरूलाई देहाय बमोजिमका वर्गीकरण गरिएकोछ ।

**१) व्यवसायिक गाई फार्म:**

| सि.नं. | फार्मको वर्गिकरण | माउ गाई संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना फार्म | ५ देखि १० वटा | |
| २ | मझौला फार्म | ११ देखि ३० वटा | |
| ३ | ठुला फार्म | ३१ देखि माथि | |

**२) व्यवसायिक भैंसी फार्म:**

| सि.नं. | फार्मको वर्गिकरण | माउ भैंसी संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना फार्म | ५ देखि १० वटा | |
| २ | मझौला फार्म | ११ देखि ३० वटा | |
| ३ | ठुला फार्म | ३१ देखि माथि | |

**३) व्यवसायिक बाखा फार्म :**

| सि.नं. | फार्मको वर्गिकरण | माउ बाखा संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना फार्म | १५ देखि २५ वटा | |
| २ | मझौला फार्म | २६ देखि ५० वटा | |
| ३ | ठुला फार्म | ५१ देखि माथी | |

**४) व्यवसायिक भेंडा फार्म :**

| सि.नं. | फार्मको वर्गिकरण | माउ भेंडा संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना फार्म | १५ देखि २५ वटा | |
| २ | मझौला फार्म | २६ देखि ५० वटा | |
| ३ | ठुला फार्म | ५१ देखि माथी | |

**५) व्यवसायिक बंगुर फार्म :**

| सि.नं. | फार्मको वर्गिकरण | माउ बंगुर संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना फार्म | ५ देखि १० वटा | |
| २ | मझौला फार्म | ११ देखि ३० वटा | |
| ३ | ठुला फार्म | ३१ देखि माथी | |

**६) व्यवसायिक पंक्षी फार्म :**

| सि.नं. | फार्मको वर्गिकरण | पंक्षी संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना फार्म | ५०० देखि १००० वटा | |
| २ | मझौला फार्म | १००१ देखि ५००० वटा | |
| ३ | ठुला फार्म | ५००१ देखि माथी | |

**७) व्यवसायिक मत्स्य फार्म :**

| सि.नं. | फार्मको वर्गिकरण | माछा फार्मको पोखरीको क्षेत्रफल(जलासय मात्र) | कैफियत |
|---|---|---|---|
| १ | साना फार्म | ६ कठ्ठा देखि १५ कठ्ठा | |
| २ | मझौला फार्म | १६ कठ्ठा देखि ३० कठ्ठा | |
| ३ | ठुला फार्म | ३१ कठ्ठा देखि माथी | |

**ख) व्यवसायिक पशुपंक्षीको गोठ खोर बनाउदा अपनाउनु पर्ने न्युनतम मापदण्ड**

- पालिएका पशुपंक्षी तथा मत्स्यको संख्या अनुसारको आवश्यक क्षेत्रफल भएको गोठ/खोर/पोखरी हुनुपर्नेछ।
- गोठखोरमा दाना खुवाउने डुँड, मलमुत्र ब्यवस्थापनको लागी आवश्यक नाली तथा कम्पोष्ट पिट बनाएको हुनुपर्नेछ ।
- स्थानिय तथा उन्नत घाँसखेति गरिएको हुनुपर्नेछ ।
- दुई फार्म बीचको दुरि कम्तिमा १० मिटर हुनु पर्नेछ ।
- फार्मको नाम र ठेगाना उल्लेख भएको फार्मको वोर्ड राखिएको हुनु पर्नेछ ।
- गोठखोरमा आवश्यक सरसफाईको साथै जैविक सुरक्षा अपनाएको हुनु पर्नेछ ।
- पशु,पंक्षी तथा मत्स्य फार्म दर्ता गर्ने सम्बन्धमा एउटा फार्म दर्ता गर्न को लागी सम्बन्धित कृषकले एकै किसिमका पशु/पंक्षी/मत्स्य पालिएको हुनुपर्नेछ, त्यसको नामकरण लागी जुन किसिमको पशु/पंक्षी/मत्स्य पालन गरिएको हो सोही अनुसारको एकल नामाकरण गरिनेछ । यदि दुई वा दुई भन्दा बढी किसिमका अलग अलग आवश्यक संख्या पुगेका पशुको हकमा पशु फार्म भनि नामाकरण गरि दर्ता गरिनेछ । त्यस्तै पशु तथा पंक्षीका अलग अलग आवश्यक संख्या पुगेको हकमा पशुपंक्षी फार्म भनि नामाकरण गरि दर्ता गरिनेछ । एवं प्रकारले पशु,पंक्षी तथा मत्स्यको अलग अलग आवश्यक संख्या पुगेको हकमा पशुपंक्षी तथा मत्स्य फार्म भनि नामाकरण गरि दर्ता गरिनेछ ।

**ग) व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्महरुको दर्ता प्रकृया**

- ➢ **व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्महरुको दर्ता गर्न देहाय बमोजिमको क्रमागत रुपमा प्रकृया अपनाउनु पर्नेछ ।**
- यस कञ्चन गाउँपालिका भित्र रहि पशुपंक्षी तथा मत्स्य पालन गरेका निजि फार्म/समुह/समिति/सहकारीहरुले संचालन गरेको पशु,पंक्षी तथा मत्स्य फार्म दर्ताको लागी अनुसुची

४ देखि ६ सम्म (सम्बन्धित पशु,पंक्षी तथा मत्स्य फार्म) अनुसारको निवेदन कञ्चन गाउँपालिकाको पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- प्राप्त निवेदन अनुसार पशुसेवा शाखा/वडा कार्यालयमा कार्यरत पशु सेवाका प्राबिधिक कर्मचारीहरुद्वारा स्थलगत अनुगमन गरि तोकिएको मापदण्ड पुरा भए/नभएको सिफारिस ।
- मापदण्ड पुरा भएको सिफारिस भए पश्चात फार्म संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो,जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि र यस गाउँपालिकामा चालु आ.व. को फार्म दर्ता राजश्व तिरेको रसिदको प्रतिलिपि ।
- बगुर तथा पंक्षी फार्म दर्ताको हकमा संचालन भएको फार्मको दुरि राष्ट्रिय राजमार्ग देखि २०० मिटर, सदरमुकाम मार्ग देखि १०० मिटर , अन्य सडक देखि ५० मिटर र १५ घरधुरी भन्दा बढी भएको बस्ती देखि ५० मिटर बाहिर भएको हुनुपर्नेछ । साथै सम्बन्धित वडा कार्यालय मार्फत गरिएको सर्जमिन मुचुल्काको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
- पंक्षी फार्म दर्ताको हकमा चल्ला खरिदको विल,भेटेरिनरी स्वास्थ्य प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।
- अनुसुची ७ देखि १४ सम्म (सम्बन्धित पशु,पंक्षी तथा मत्स्य फार्म) अनुसारको पशु सेवा शाखाको पशुपंक्षी तथा मत्स्य फार्म दर्ता अभिलेखिकरण रजिष्टरमा दर्ता गरि अनुसुची २३ अनुसारको फार्म दर्ता प्रमाणपत्र प्रदान गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्य फार्म दर्ता गर्दा सामाजिक तथा वातावरणिय नकारात्मक प्रभाव पर्ने देखिएमा फार्म दर्ता गरिनेछैन ।

**घ) व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्महरुको दर्ता खारेजी**

- यस कञ्चन गाउँपालिका भित्र रहि पशुपंक्षी तथा मत्स्य फार्म दर्ता गरेका निजि फार्म/समुह/समिति/सहकारीहरुले संचालन गरेको पशु,पंक्षी तथा मत्स्य फार्म खारेजीको लागी कञ्चन गाउँपालिकाको पशु सेवा शाखामा निवेदन पेश गर्नुका साथै सम्बन्धित वडा कार्यालयको सिफारिस तथा चालु आ.व. को फार्म बन्द शिर्षक बमोजिम राजश्व तिरेको रसिद पेश गरेको आधारमा पशु सेवा शाखाले फार्म दर्ता खारेज गर्न सक्नेछ ।

४. व्यवसायिक पशुपन्छी तथा मत्स्य फार्म नविकरण प्रक्रिया :

➢ व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्महरुको प्रत्येक बर्षको नविकरण गर्न देहाय बमोजिमको क्रमागत रुपमा प्रकृया अपनाउनु पर्नेछ ।

- यस कञ्चन गाउँपालिका पशु सेवा शाखामा दर्ता भई पशुपंक्षी तथा मत्स्य पालन निरन्तररुपमा



कञ्चन गाउँपालिका स्थानीय राजपत्र

संचालन गरेका निजि फार्म/समुह/समिति/सहकारीहरुले पशु,पंक्षी तथा मत्स्य फार्म नविकरणको लागी अनुसुची ४ देखि ६ सम्म (सम्बन्धित पशु,पंक्षी तथा मत्स्य फार्म) अनुसार कञ्चन गाउँपालिकाको पशु सेवा शाखामा निवेदन पेश गर्नु पर्नेछ ।

- प्राप्त निवेदन अनुसार पशुसेवा शाखा/वडा कार्यालयमा कार्यरत पशु सेवाका प्राबिधिक कर्मचारीहरुद्वारा अनुसुचि २४ अनुसार स्थलगत अनुगमन गरि तोकिएको मापदण्ड पुरा भए/नभएको प्रतिबेदन ।
- मापदण्ड पुरा भएको सिफारिस भए पश्चात यस गाउँपालिकामा चालु आ.व. को फार्म नविकरण राजश्व तिरेको रसिदको प्रतिलिपि ।
- अनुसुची १५ देखि २२ सम्म(सम्बन्धित पशु,पंक्षी तथा मत्स्य फार्म) अनुसार पशु सेवा शाखाको पशुपंक्षी तथा मत्स्य फार्म नविकरण रजिष्टरमा अभिलेखिकरण गरि फार्म दर्ता प्रमाणपत्रमा नविकरण गरिनेछ ।

**५. खारेजीः** यो कार्यविधि स्विकृत भए पश्चात यस अघि स्विकृत भएको कञ्चन गाउँपालिकाको पशुपन्छी फर्म तथा नविकरण कार्यविधि, २०७९ स्वतः खारेज भई यस अगाडि उक्त कार्यविधि अनुसार भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

### परिच्छेद ३

## पशुपालन समुह/समिति दर्ता संचालन

**परिचयः**

- ➢ यस कञ्चन गाउँपालिका भित्र रहेका पशुपंक्षी तथा मत्स्य पालक कृषकहरु एक आपसमा एउटै उद्देश्यले भेला भई गठन भएका पशु/पंक्षी/मत्स्य पालन समुह/समितिलाई दर्ता गर्नको लागी पशुपालन समुह/समिति दर्ता संचालन विधि तयार गरिएको छ ।

**पशुपालन समुह/समिति दर्ता प्रकृया**

- ➢ पशुपालन समुह/समिति दर्ताको लागि देहाय बमोजिम कागजात पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

- समुह/समितिको निवेदन ।
- समुह/समिति गठन तथा दर्ता सम्बन्धि निर्णयको प्रतिलिपि ।
- विधान २ (दुई) प्रति ।
- कार्यसमिति पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

- समुह/समितिको अध्यक्ष र सचिवको २/२ प्रति पासपोर्ट साइजको फोटो ।

**परिच्छेद - ३**

## पशु स्वास्थ्य कार्यक्रम सञ्चालन

### परिचयः

- यस कञ्चन गाउँपालिका अन्तर्गत रहेका कृषकहरुले पालिरहेका पशुपंक्षी तथा मत्स्यहरुमा देखिने विभिन्न किसिमका रोगहरुको उपचारको लागी आवश्यक पर्ने औषधीहरु यस कञ्चन गाउँपालिकाको वार्षिक स्विकृत कार्यक्रममा ब्यवस्था भएको बजेट अनुसार खरिद भएका तथा अन्य निकायबाट प्राप्त भएका औषधिहरु पशु सेवा शाखा तथा विभिन्न वडा कार्यालयमा कार्यरत पशु सेवा का प्राबिधिक मार्फत निशुल्क रुपमा बितरण गर्नका लागी पशु स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि तयार गरिएकोछ ।

### कार्यक्रम संचालन प्रकृया विधि

- यस कञ्चन गाउँपालिकाको बार्षिक बजेट अन्तर्गत विभिन्न शिर्षकमा पशुपंक्षी तथा मत्स्य उपचारको लागी विनियोजन भएको रकम अनुसार खरिद नियामावली परिधिमा रहि खरिद गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्य उपचारको लागी आवश्यक पर्ने औषधी/सामाग्रीहरु यस शाखा तथा मातहतका वडा कार्यालयबाट उपलब्ध भए सम्म निशुल्क वितरण गरिनेछ । साथै यस शाखा तथा मातहतका वडा कार्यालयमा मौज्दात नभएको औषधी/सामाग्री पशुधनिबाट नै खरिद गर्नु पर्नेछ ।
- पशुपंक्षी तथा मत्स्य रोगको उपचारको प्रकृति अनुसार देहाय बमोजिम बर्गिकरण गरि मासिक प्रगती प्रतिवेदनमा समावेश गरिनेछ ।

### पशु रोग उपचारको वर्गिकरण

**१. नियमित उपचार सेवा**

- नियमित उपचार सेवाहरु निम्न अनुसार रहेका छन ।

**क) मेडिकल उपचार**

- शल्य चिकित्साविना औषधिको मात्र प्रयोगद्धारा उपचार गर्न सकिने विभिन्न रोगहरु यस सेवा अन्तर्गत पर्दछन । जस्तैः ज्वरो , छेरौटी, थुनेलो, अरुची आदि ।

**ख) मेजर सर्जिकल उपचारः**

- जेनरल एनेस्थेसियाको प्रयोग गरि शरिरका विभिन्न क्याभिटी र अङ्ग प्रत्यङ्गहरु खोल्नुपर्ने विशेष शल्य चिकित्सा पध्दति अपनाई गरिने अपरेशनहरु यस सेवा अन्तर्गत पर्दछन ।जस्तैःल्याप्रोटोमी रुमिनोटोमी इन्टेरोटोमी हिस्टेरेक्टोमी सिजेरियन सेक्सन आदि ।

**ग) माइनर सर्जिकल उपचारः**

- लोकल एनेस्थेटिकको भरमा साधारण शल्य चिकित्सा पध्दति अपनाई पुर्याउन सकिने सेवाहरु यस अन्तर्गत पर्दछन ।जस्तैः साधारण घाउ खटिराको सरसफाई, औंसा किरा परेको, पशु बन्ध्याकरण, झन्काहा, पिलो आदि ।

**घ) गाइनोकोलोजिकल उपचार सेवा**

- स्त्री जातीका पशुहरुको प्रजनन प्रणालीसँग सम्बन्धित रोग तथा समस्याहरुको उपचार गर्न सकिने सेवाहरु यस अन्तर्गत पर्दछन । जस्तैःउल्टी रहने, भाले नखोज्ने, पायोमेट्रा, भडाल्नो फर्कने आदि ।

**२. आकस्मिक उपचार सेवा**

- कञ्चन गाउँपालिका भित्र रहेका कृषकहरुले पालिरहेका पशुपंक्षी तथा मत्स्यहरुमा महामारी फैलिई तथा प्राकृतिक प्रकोप भई औषधी उपचार तथा रोकथाम गर्नुपर्ने अवश्था देखिएमा यस कञ्चन गाउँपालिकाबाट सम्भव भएसम्म आवश्यक सबैखाले औषधी तथा सामाग्री खरिद गरि घर गोठ / गाउँटोलमा समेत सम्बन्धित प्राबिधिक उपस्थित भई औषधी उपचार/रोकथाम सेवा र प्राबिधिक सरसल्लाह उपलब्ध गराइनेछ । यस गाउँपालिकाको काबु भन्दा बाहिर महामारी फैलिएमा वा प्राकृति प्रकोप देखिएमा प्रदेश तथा संघिय सरकारसँग सहयोगको अपिल गरि आकस्मिक उपचार सेवा प्रदान गरिनेछ ।

## परिच्छेद ४

# कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन विधि

**परिचयः**

यस कञ्चन गाउँपालिकामा रहेका पशु पालक कृषकहरुका गाई,भैंसी,बाख्राहरुमा नश्ल सुधार गरि उत्पादन बृध्दि गर्ने उद्देश्यले कृत्रिम गर्भाधान मिसन कार्यक्रम मार्फत पशुहरुमा नश्ल सुधार गर्नु पर्ने अपरिहार्य भएको हुँदा कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन कार्यविधि तयार गरिएको छ।

**कार्यक्रम संचालन प्रकृया**

- कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गर्नको लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गरिनेछ ।
    - स्विकृत वार्षिक वजेट कार्यक्रम अनुसार आवश्यक तरल नाईट्रोजन सिमेन ए आई ग्लोब एआई सिथ एआई गन एआई रेफ्री मदर रेफ्री कन्टेनर लगायत अन्य उपकरण खरिद गरिनेछ।

- खरिद भई आएको तरल नाईट्रोजन सिमेन ए आई ग्लोब एआई सिथ एआई गन एआई रेफ्री मदर रेफ्री कन्टेनर लगायत अन्य उपकरणहरु आवश्यकता बमोजिम ए आई इन्सिमिनेटरहरु (कृत्रिम गर्भाधानकर्ता ) लाई निशुल्क रुपमा उपलब्ध गराइनेछ ।
- ए आई इन्सिमिनेटरहरुले कृत्रिम गर्भाधान सम्बन्धि अनुसुचि-२८ अनुसारको मासिक प्रगति फाराम भरि हरेक महिनाको २५ गते भित्र पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।
- कृत्रिम गर्भाधानकर्ताले कृषकको घर गोठमा गई पशुमा कृत्रिम गर्भाधान गरे पश्चात अनुसुचि-२७ अनुसारको कृत्रिम गर्भाधान रेकर्ड कार्ड भरि कृषकलाई दिनु पर्नेछ ।
- कृत्रिम गर्भाधान कार्य सम्पन्न गरेपछि सम्बन्धित पशुपालक कृषकले आफ्नो पशुमा कृत्रिम गर्भाधान गराए वापत कृत्रिम गर्भाधानकर्तालाई रु. ५००।—(पाँच सय) पारिश्रमिक शुल्क दिनु पर्नेछ ।
- सम्पुर्ण कृत्रिम गर्भाधान कर्ताबाट मासिक रुपमा आएको मासिक प्रगतिलाई पशु सेवा शाखाले कम्पाईल गरि प्रत्येक महिनाको पहिलो हप्ता भित्र पशु प्रजनन् कार्यालय पोखरा र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भैरहवामा कृत्रिम गर्भाधानको मासिक प्रगती बिबरण पठाउनु पर्नेछ ।

## परिच्छेद ५
# हिंउदे घाँस तथा बर्षे घाँस निशुल्क वितरण कार्यक्रम संचालन विधि

### परिचयः

यस कञ्चन गाउँपालिका भित्र रहेका पशु पालक कृषकहरुका अधिकाशं पशुहरुमा हरियो घाँसको कमीले गर्दा पशुहरुमा पोषणको कमि भई विभिन्न किसिमका रोगहरुको समस्या देखिएको र पशुपालन ब्यावसायमा उत्पादन लागत बढन गएको कारणले गर्दा  पशु पालन व्यवसायबाट अपेक्षाकृत मुनाफा हुने नदेखिएकोले उक्त समस्या समाधानको लागी उत्पादन बृद्धिका साथै पोषणको कमि हुन नदिने उदेश्यले यो हिंउदे घाँस तथा बर्षे घाँस निशुल्क वितरण कार्यक्रम संचालन कार्यविधि तयार गरिएको छ।

### कार्यक्रम संचालन प्रकृया

➢ हिंउदे घाँस तथा बर्षे घाँस निशुल्क वितरण कार्यक्रम संचालन गर्नको लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्न सकिनेछ।

१. कञ्चन गाउँपालिकाको स्विकृत वार्षिक वजेट कार्यक्रममा उल्लेख भए बमोजिम कार्यक्रम संचालनको लागी घाँसको बिउ माग सम्वन्धि सुचना प्रकाशन गरिनेछ।

२. सुचना प्रकाशन भएपछी यस कञ्चन गाउँपालिका भित्र रहि पशुपंक्षी पालन गरिरहेका ईच्छुक पशुपंक्षी पालक कृषकहरुले घाँसको बिउ मागको लागी अनुसुचि ३ वमोजिमको निवेदनको साथमा देहाय वमोजिमका कागजातहरु यस कञ्चन गाउँ पालिका पशु सेवा शाखामा पेश गर्नु पर्नेछ।

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा नागरिकतामा अन्यत्र ठेगाना भएको हकमा यस गाउँपालिकामा बसोबास गरेको प्रमाणीत कागजात ।

ख) फार्म दर्ता भएका व्यवसायिक कृषकहरुको हकमा फार्म दर्ता/ नविकरणको प्रतिलिपि

३. स्विकृत वार्षिक वजेट रकम तथा प्राप्त निवेदनको आधारमा सार्वजनिक खरिद नियमावली अनुसार घाँसको बिउ खरिद गरि पशुपालक कृषकहरुलाई कञ्चन गाउँपालिकाले निशुल्क / शसुल्क घाँसको बिउ बितरण गर्नेछ ।

## परिच्छेद ६
## पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन

### परिचयः

यस कञ्चन गाउँपालिकाको भौगोलिक अवस्था, कृषकको चाहना तथा पशु स्वास्थ्य र पशु प्रजनन विकृति सम्बन्धि देखिएको समस्या सम्बन्धित विषय विशेषज्ञ द्वारा निवारण गर्ने उद्देश्यले वार्षिक विनियोजित रकमको आधारमा पशु स्वास्थ्य तथा बाँझोपना सम्बन्धि शिविर सञ्चालन गर्नको लागी कञ्चन गाउँपालिका अन्तर्गत रहेको पशु सेवा शाखाले आफै स्वयं तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन कार्यविधि तयार गरिएको छ ।

### पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर संचालन प्रकृया

- यस कञ्चन गाउँपालिका पशु सेवा शाखाले प्राबिधिक दृष्टिकोणले आवश्यकता अनुसार पालिका भित्रको कार्यक्षेत्रमा पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर संचालन गर्नको लागी स्थान र मिति तोकिएको सुचना जारी गर्नेछ ।
- पशु सेवा शाखाले विशेषज्ञ टोलीसहित शिविर संचालनको लागि आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य आवश्यक सामग्री व्यवस्थापन गर्नेछ ।
- खर्चको मापदण्डः पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर कार्यक्रमको खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ ।

| क्र स | क्रियाकलाप | लागत |
|---|---|---|
| १ | पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सम्बन्धि पम्पलेट / श्रव्यदृष्य /ब्यानर निर्माण/रेडियो प्रचार प्रसार/माइकिङ आदि | कञ्चन गाउँपालिक स्विकृत बार्षिक कार्य बजेटको परिधि भित्र तालिम,गोष्ठी लग कार्यक्रमहरुको आर्थिक अनुसार हुने र कार्यक्रमको हकमा तोकि मापदण्ड बमोजिम हुनेछ |
| २ | औषधि तथा अन्य सामाग्री ब्यवस्थापन | |
| ३ | खाना / चियापान खर्च | |
| ४ | अस्थायी ट्रेविज निर्माण तथा अन्य लजिस्टिक ब्यवस्थापन | |
| ५ | इन्धन, बैठक तथा दैनिक भ्रमण भत्ता | |

**परिच्छेद ७**

## पशुपंक्षी खोप कार्यक्रम संचालन

### परिचयः

यस कञ्चन गाउँपालिका क्षेत्र भित्र रहेका पशुपंक्षीहरुमा देखिने विभिन्न प्रकारका महामारी रोगहरुको रोकथाम गर्नको लागी महामारी रोग विरुध्दका खोप कार्यक्रम संचालन गरिनेछ ।

### संचालन प्रकृया

➢ पशुपंक्षी खोप कार्यक्रम संचालन प्रकृया देहाय बमोजिम रहेको छ ।

- यस कञ्चन गाउँपालिकाको स्विकृत बार्षिक बजेट अन्तर्गत विनियोजित रकमको परिधि भित्र रहि प्राथमिकताको आधारमा पशुपंक्षीमा लाग्ने महामारी रोग विरुध्दको खोप कार्यक्रम संचालनको लागी आवश्यक खोप/औषधी/सामाग्री तथा अन्य सम्पुर्ण खर्चहरुको स्टिमेट गरिनेछ ।
- खोप कार्यक्रम संचालनको लागी स्टिमेट अनुसार खोप/औषधी तथा अन्य सामाग्रीहरु खरिद गरिनेछ ।
- खोप कार्यक्रम संचालन गर्नको लागी आवश्यक प्राबिधिक जनशक्ति (भ्याक्सिनेटर) नियुक्तिको लागी कम्तिमा ७ दिने सुचना प्रकाशित गरिनेछ ।
- भ्याक्सिनेटर नियुक्तिका लागी परेका आवेदकहरु मध्ये आवश्यकता अनुसार छनौट गरिनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

- खोप कार्यक्रम संचालनको लागी छनौट भएका प्राबिधकहरुलाई पशु सेवा शाखाबाट भ्याक्सिनेशन सम्बन्धी आवश्यक प्राबिधिक जानकारी गराई आवश्यकता अनुसार खोप तथा अन्य सामाग्रीहरु उपलब्ध गराईनेछ ।
- खोप कार्यक्रम संचालन गर्दा यस कञ्चन गाउँपालिका भित्र रहेका पशुपंक्षी पालक प्रत्येक कृषकहरुको गोठ / टोलमा गई खोप लगाइनेछ । खोप लगाउदा भ्याक्सिनेटरले अनुसुचि २९ अनुसारको फर्मेट भरि पशु सेवा शाखामा बुझाउनु पर्नेछ ।
- संचालन भइरहेको खोप कार्यक्रमको अनुगमन पशु सेवा शाखा मार्फत गरिनेछ ।
- नियुक्ति भई खोप कार्यक्रममा सहभागी भएका भ्याक्सिनेटरहरुको पारिश्रमिक तथा अन्य सुविधा देहाय बमोजिम हुनेछ ।

| क.सं. | पशुको किसिम | प्रति पशुपंक्षीलाई खोप लगाए वापतको पारि।मिक रकम |
|---|---|---|
| १ | गाई/भैंसी | रु.२०।—(बिस) |
| २ | भेंडा/बाख्रा | रु.५।—(पाँच) |
| ३ | बंगुर/सुँगुर | रु.२०।—(बिस) |
| ४ | कुखुरा | .५०।—(पचास पैसा) |

### परिच्छेद ८

## उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रम संचालन

**परिचयः**

उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रम अन्तर्गत पशुपालक कृषकहरुलाई अभिप्रेरित गराउनको लागी दुध उत्पादनमा अनुदान रकम उपलब्ध गराउने उद्देश्यले दुधमा यस गाउँपालिका भित्र संचालनमा रहेका दुग्ध उत्पादक सहकारी/ निजि डेरि मार्फत कृषकले बिक्री गरेको दुधको परिमाणको आधारमा प्रतिलिटर रु. २ (दुई) का दरले अनुदान रकम उपलब्ध गराउनको लागी यो कार्यबिधि तयार गरिएको छ ।

**कार्यक्रम संचालन प्रकृयाः**

- कञ्चन गाउँपालिकाको स्विकृत वार्षिक वजेट कार्यक्रममा उल्लेख भए बमोजिम कार्यक्रम संचालनको लागी दुग्ध उत्पादक सहकारी/ निजि डेरिहरुको लागी प्रस्ताव आब्हान सम्वन्धि सुचना प्रकाशन गरिनेछ ।
- सुचना प्रकाशन भएपछी यस कञ्चन गाउँपालिका भित्र रहेका ईच्छुक दुग्ध उत्पादक सहकारी/निजि डेरिहरुले देहाय वमोजिमका कागजातका साथ कञ्चन गाउँ पालिका पशु सेवा शाखामा निवेदन पेश गर्नु पर्नेछ।

क) संचालक समितिको अध्यक्ष र व्यवस्थापक (निजि डेरिको हकमा संचालक) को नागरिकता प्रमाण पत्रको प्रतिलिपि - १/१ प्रति ।

ख) गत आवको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।

ग) करचुक्ता प्रमाणित प्रतिलिपि ।

घ) गत आ.व.को दैनिक दुध संकलन गरेको विवरण सहित उक्त दुधको रकम सम्बन्धित कृषकहरुलाई भुक्तानी गरेको बैंकको स्टेटमेन्ट ।

ङ) अनुसुचि २५ बमोजिमको स्वःघोषणा पत्र ।

- गत आ.व. मा नेपाल सरकार/प्रदेश सरकार/अन्य निकायबाट प्रति लिटर दुधमा अनुदान लिएको दुग्ध उत्पादक सहकारी/ निजि डेरिहरुलाई यस कार्यक्रममा समावेश गराइने छैन ।
- आवेदकहरुका प्राप्त कागजातको आधारमा कञ्चन गाउँ पालिका अन्तर्गतको अनुदान सिफारिस तथा अनुगमन समितिको बैठकबाट दुधमा दिइने अनुदानको लागी आवश्यक निर्णय गरिनेछ ।
- अनुदान सिफारिस तथा अनुगमन समितिको बैठकबाट दुधमा दिइने अनुदानको लागी आवश्यक निर्णय बमोजिम तोकिएको अनुदान बितरणको लागी छनौटमा परेका सम्बन्धित दुग्ध उत्पादक सहकारी / निजि डेरिहरु र कञ्चन गाउँपालिका विच सम्झौता गरिनेछ ।
- सम्झौता बमोजिम गाउँपालिकाबाट दिइने दुधमा प्रति लिटर तोकिएको अनुदान रकम दुग्ध उत्पादक सहकारी / निजि डेरिहरुले सम्बन्धित कृषकहरुलाई बैंक खातामा बुझाएको बैंक स्टेटमेन्ट पशु सेवा शाखामा बुझाउनु पर्नेछ ।
- दुधमा प्रति लिटर तोकिएको अनुदान रकम सम्बन्धित कृषकहरुलाई भुक्तानी गरेको प्राप्त बैंक स्टेटमेन्ट अनुसार सम्बन्धित दुग्ध उत्पादक सहकारी/ निजि डेरिहरुलाई कञ्चन गाउँपालिकाले रकम भुक्तानी गर्नेछ ।

**परिच्छेद ९**

# एकल महिला लक्षित कार्यक्रम (५० प्रतिशत अनुदान)संचालन कार्यविधि

**परिचयः**

नेपाली समाजमा बिभिन्न कारणले एकल रुपमा रहेका महिलाहरुको आर्थिक गतिबिधीहरुमा न्यून सहभागिताको कारण निजहरुको क्षमता अनुसार आर्थिक योगदान हुन सकेको छैन जसले गर्दा समाजमा हुने बिभिन्न बिकास निर्माण तथा निर्णय प्रकृयाहरुमा निजहरुको न्यून सहभागिता देखिन्छ । एकल महिला लक्षित कार्यक्रम (५० प्रतिशत अनुदान) लाई सहज, सरल र प्रभावकारी रुपमा संचालन गर्नका यो कार्यक्रम संचालन कार्यविधि तयार गरिएकोछ ।

**परिभाषा**

"एकल महिला" भन्नाले आर्थिक दृष्टीले विपन्न देहायका महिला सम्झनु पर्दछ ।

१. सम्बन्ध विच्छेद गरेकी महिला ।

२. विधवा महिला

३. चालिस वर्ष उमेर पुरा गरेकी अविवाहित महिला ।

४. पाँच वर्षभन्दा बढी समयदेखि पति हराएको वा वेपत्ता भएको महिला ।

**कार्यक्रमका विषयगत क्षेत्रहरु**

**क) बाखा पालन कार्यक्रमः**

- बाखा खरिद, खोर निर्माण / मर्मत, खोप, परजिवि नियन्त्रण, औषधि वितरण, उपकरण / सामाग्री बितरण, घाँसको विउ / वेर्ना वितरण र तालिम / गोष्ठी / भ्रमण आदि कार्यहरुका लागि सहयोग गरिनेछ ।

**ख) कुखुरापालन कार्यक्रमः**

- कृषकहरुलाई कुखुराको चल्ला खरिद, खोर निर्माण / सुधार, खोप परजिवि नियन्त्रण, औषधि वितरण, उपकरण / सामाग्री बितरण र तालिम / गोष्ठी / भ्रमण आदि कार्यहरुका लागि सहयोग गरिनेछ ।

**कार्याक्रम संचालन प्रकृया:**

१. कञ्चन गाउँपालिकाको स्विकृत वार्षिक वजेट कार्यक्रममा उल्लेख भए बमोजिम कार्यक्रम संचालनको लागी अनुदान दिने विषयगत क्षेत्र खुलाई प्रस्ताव आब्हान सम्वन्धि सुचना प्रकाशन गरिनेछ।

२. सुचना प्रकाशन भएपछी यस कञ्चन गाउँपालिका भित्र स्थाई ठेगाना भई बसोबास गरेका ईच्छुक एकल महिलाले देहाय वमोजिमका कागजातका साथ कञ्चन गाउँ पालिका पशु सेवा शाखामा निवेदन पेश गर्नु पर्नेछ।

क) अनुसुचि १ बमोजिमको निवेदन ।
ख) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
ग) अनुसुचि २ वमोजिमको ब्यावसायिक कार्ययोजना ।
घ) सम्वन्धित वडा कार्यालयको सिफारिस ।
ङ) अनुसुचि २५ वमोजिमको स्वःघोषणा पत्र ।

३. यस कार्यक्रमसँग मिल्ने किसिमको अनुदान रकम/सामाग्री/उपकरण/तथा अन्य बस्तु विगत दुई आ.व. मा नेपाल सरकार/प्रदेश सरकार/अन्य निकायबाट अनुदान लिएकोलाई यस कार्यक्रममा समावेश गराइनेछैन ।

४. संचालन हुने कार्यक्रमले सामाजिक तथा वातावरणिय नकारात्मक प्रभाव पर्ने देखिएमा अनुदान कार्यक्रममा समावेश गराइने छैन ।

५. प्राप्त आवेदनको आधारमा अनुदान सिफारिस तथा अनुगमन समितिबाट स्थलगत अनुगमन गरि तयार गरिएको प्रतिवेदन अनुसार उक्त समितिले वैठक बसी कृषक छनौटको निर्णय गर्नेछ । कृषक छनौटको मूल्याङकनको आधारहरु देहाय वमोजिम हुनेछन ।

**पशुपंक्षी संख्याको मापदण्ड**

| क्र.सं. | पशुपंक्षीको किसिम | तोकिएको मापदण्ड संख्या | | |
|---|---|---|---|---|
| | | न्युनतम | मध्यम | अति उत्तम |
| १ | बाखा | १ - १४ माउ | १५ — २५ माउ | २६ माउ देखि माथी |
| २ | पंक्षी | १०० — ४९९ गोटा | ५०० — ५००० गोटा | ५००१ गोटा देखि माथी |

**स्थलगत अनुगमन तथा मुल्याङ्कनका आधार र मापदण्डहरु (बाखा)**

| क्र.सं. | अनुगमन तथा मुल्याङ्कनको आधारहरु | स्थलगत अनुगमन गर्दा दिइने अकं | | |
|---|---|---|---|---|
| | | अधिकतम अंक | मध्यम अंक | न्युन अंक |
| १ | ब्यवसायको सम्भाब्यता / उपयुक्तता | अतिराम्रो ३० | मध्यम २० | न्युन १० |
| २ | पालिरहेको पशु संख्या | अति उत्तम ३० | मध्यम २० | न्युन १० |
| ३ | घाँस खेति गरेको क्षेत्रफल | ११ कठ्ठा भन्दा बढि - २० | ५-१० कठ्ठा सम्म - १० | १—४ कठ्ठा सम्म - ५ |
| ४ | जैबिक तथा पर्यावरणीय सुरक्षा बिधि | अतिराम्रो २० | मध्यम १० | न्युन ५ |

**स्थलगत अनुगमन तथा मुल्याङ्कनका आधार र मापदण्डहरु (पंक्षी )**

| क्र.सं. | अनुगमन तथा मुल्याङ्कनको आधारहरु | स्थलगत अनुगमन गर्दा दिइने अकं | | |
|---|---|---|---|---|
| | | अधिकतम अंक | मध्यम अंक | न्युन अंक |
| १ | ब्यवसायको सम्भाब्यता / उपयुक्तता | अतिराम्रो ४० | मध्यम २५ | न्युन १० |
| २ | पालिरहेको पंक्षी संख्या | अति उत्तम | मध्यम | न्युन |

| | | | | |
|---|---|---|---|---|
| | | ४० | २५ | १० |
| ३ | जैबिक तथा पर्यावरणीय सुरक्षा बिधि | अतिराम्रो<br>२० | मध्यम<br>१० | न्युन<br>५ |

४. छनौटमा परेका कृषकले कञ्चन गाउँपालिका वा वडाका पुर्वाधार विकास शाखा अन्गर्गतका प्राविधिकवाट लागत स्टिमेट गराई सकेपछि पशु सेवा शाखामा सम्पर्क गरि सम्झौता गर्नु पर्नेछ।

५. छनौटमा परेका कृषकहरुले सम्झौतामा उल्लेख भएको समय अवधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. कार्य सम्पन्न भएपछि सम्वन्धित कृषकले देहाय वमोजिमका कागजात कञ्चन गाउँपालिका पशु सेवा शाखामा पेश गर्नु पर्नेछ।

क) सम्वन्धित प्राविधिकवाट सम्पन्न भएका लागत स्टिमेट, नापि फारम तथा कार्य सम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई ।

ख) सम्वन्धित वडा कार्यालयवाट कार्य सम्पन्नको सिफारिस ।

ग) कार्यसम्पन्न गरिएको संरचना तथा उपकरणको फोटोहरु ।

घ) भुक्तानीको लागी निवेदन ।

७. सम्वन्धित कृषकवाट उपरोक्त सम्पुर्ण कागजातका साथ भुक्तानीको निवेदन प्राप्त भए पश्चात अनुदान सिफारिस तथा अनुगमन समितिले कार्य सम्पन्न भए/नभएको स्थलगत अनुगमन गर्नेछ।

८. अनुदान सिफारिस तथा अनुगमन समितिबाट स्थलगत अनुगमन गरि काम भए नभएको निर्णय गर्नेछ ।

९. अनुदान सिफारिस तथा अनुगमन समितिको निर्णयको आधारमा कञ्चन गाउँ पालिका पशु सेवा शाखाले भुक्तनीको सिफारिस गर्नेछ।

**आर्थिक नर्मस :**

**बाखा पालन कार्यक्रम**

| सि. नं. | कार्य विवरण | ईकाइ | परिमाण | जम्मा वजेट रु | गापाबाट ब्योहर्ने रु. | कृषकले ब्योहर्नु पर्ने रु. | |
|---|---|---|---|---|---|---|---|
| १ | बाखा वितरण प्रति कृषक (वढीमा २ भेंडावाखा) | संख्या | २ | ३००००।- | १५०००।- | १५०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | बाख्राको खोर निर्माण/ मर्मत प्रति कृषक | संख्या | १ | १४०००।- | ७०००।- | ७०००।- |
| ३ | बाख्रामा,परजिवि नियन्त्रण/ औषधि/खोप प्रति कृषक | पटक | २ | १५००।- | १५००।- | - |
| ४ | हिउदे/ वर्षे घाँसको विउ/वेर्ना/सेट विरुवा तथा वितरण (ढुवानी समेत) प्रति कृषक | पटक | १ | ५००।- | ५००।- | - |
| ५ | बाख्रा पालन तालिम १ दिने | पटक | १ | ४०,०००।- | ४०,०००।- | - |

**कुखुरा पालन कार्यक्रम**

| सि. नं. | कार्य विवरण | ईकाइ | परिमाण | जम्मा वजेट रु | गापाबाट ब्योहर्ने रु. | कृषकले ब्योहर्नु पर्ने रु. |
|---|---|---|---|---|---|---|
| १ | ड्युल प्रपोजका कुखुरा वितरण प्रति कृषक | संख्या | ५० | ३००००।- | १५०००।- | १५०००।- |
| २ | खोर निर्माण प्रति कृषक | संख्या | १ | १४०००।- | ७०००।- | ७०००।- |
| ३ | औषधि प्रति कृषक | पटक | १ | २०००।- | २०००।- | - |
| ४ | कुखुरा पालन तालिम १ दिने | पटक | १ | ४०,०००।- | ४०,०००।- | - |

**परिच्छेद १०**

## मत्स्य विकास कार्यक्रम संचालन विधिः

**परिचय :**

यस मत्स्य विकास कार्यक्रम अन्तर्गत कञ्चन गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक / निजि पोखरीहरुको क्षेत्र विस्तार, नयाँ माछा पोखरी निर्माण गरि उत्पादन बृद्धि, माछाको ह्याचरी निर्माण गरि भुरा उत्पादन र बिक्रि वितरण लगायतका कृयाकलापहरु संचालन गरि यस कञ्चन गाउँपालिकामा मत्स्य विकास

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

कार्यक्रम मार्फत कृषकहरुको आय आर्जनमा बृद्धि तथा स्वरोजगार श्रृजना गर्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ ।

## कार्यक्रम संचालन प्रकृयाः

१. कञ्चन गाउँपालिकाको स्विकृत वार्षिक वजेट कार्यक्रममा उल्लेख भए बमोजिम कार्यक्रम संचालनको लागी प्रस्ताव आब्हान सम्वन्धि सुचना प्रकाशन गरिनेछ।

२. सुचना प्रकाशन भएपछी यस कञ्चन गाउँपालिका भित्र रहेका ईच्छुक माछापालक कृषकहरुले देहाय वमोजिमका कागजातका साथ कञ्चन गाउँ पालिका पशु सेवा शाखामा निवेदन पेश गर्नु पर्नेछ।

क) अनुसुचि १ वमोजिमको निवेदन ।
ख) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
ग) अनुसुचि २ वमोजिमको ब्यावसायिक कार्ययोजना ।
घ) सम्वन्धित वडा कार्यालयको सिफारिस ।
ङ) अनुसुचि २५ वमोजिमको स्वःघोषणा पत्र ।

३. यस कार्यक्रमसँग मिल्ने किसिमको अनुदान रकम/सामाग्री/उपकरण/तथा अन्य बस्तु विगत दुई आ.व. मा नेपाल सरकार/प्रदेश सरकार/अन्य निकायबाट अनुदान लिएकोलाई यस कार्यक्रममा समावेश गराइनेछैन ।

४. संचालन हुने कार्यक्रमले सामाजिक तथा वातावरणिय नकारात्मक प्रभाव पर्ने देखिएमा अनुदान कार्यक्रममा समावेश गराइने छैन ।

५. प्राप्त आवेदनको आधारमा अनुदान सिफारिस तथा अनुगमन समितिवाट स्थलगत अनुगमन गरि तयार गरिएको प्रतिवेदन अनुसार उक्त समितिले वैठक बसी कृषक छनौटको निर्णय गर्नेछ । कृषक छनौटको मूल्याङकनको आधारहरु देहाय वमोजिम हुनेछन ।

**माछा पालनको लागी मापदण्ड**

| क.सं. | किसिम | तोकिएको मापदण्ड संख्या | | |
|---|---|---|---|---|
| | | न्युनतम | मध्यम | अति उत्तम |
| १ | माछा पालन | १ — ५ कठ्ठा | ६ — १५ कठ्ठा | १६ कठ्ठा देखि माथी |

**माछा पालनको लागी स्थलगत अनुगमन तथा मुल्याङ्कनका आधार र मापदण्डहरु**

| क्र.सं. | अनुगमन तथा मुल्याङ्कनको आधारहरु | स्थलगत अनुगमन गर्दा दिइने अंक | | |
|---|---|---|---|---|
| | | अधिकतम अंक | मध्यम अंक | न्युन अंक |
| १ | ब्यवसायको सम्भाब्यता / उपयुक्तता | अतिराम्रो ४० | मध्यम २५ | न्युन १० |
| २ | पालिरहेको माछा पोखरीको क्षेत्रफल | अति उत्तम ४० | मध्यम २५ | न्युन १० |
| ३ | जैबिक तथा पर्यावरणीय सुरक्षा बिधि | अतिराम्रो २० | मध्यम १० | न्युन ५ |

४. छनौटमा परेका कृषकले कञ्चन गाउँपालिका वा वडाका पुर्वाधार विकास शाखा अन्गर्गतका प्राविधिकवाट लागत स्टिमेट गराई सकेपछि पशु सेवा शाखामा सम्पर्क गरि सम्झौता गर्नु पर्नेछ।

५. छनौटमा परेका कृषकहरुले सम्झौतामा उल्लेख भएको समय अवधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. कार्य सम्पन्न भएपछि सम्वन्धित कृषकले देहाय वमोजिमका कागजात कञ्चन गाउँपालिका पशु सेवा शाखामा पेश गर्नु पर्नेछ।

क) सम्वन्धित प्राविधिकवाट सम्पन्न भएका लागत स्टिमेट, नापि फारम तथा कार्य सम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई ।

ख) सम्वन्धित वडा कार्यालयवाट कार्य सम्पन्नको सिफारिस ।

ग) कार्यसम्पन्न गरिएको संरचना तथा उपकरणको फोटोहरु ।

घ) भुक्तानीको लागी निवेदन ।

७. सम्वन्धित कृषकवाट उपरोक्त सम्पुर्ण कागजातका साथ भुक्तानीको निवेदन प्राप्त भए पश्चात अनुदान सिफारिस तथा अनुगमन समितिले कार्य सम्पन्न भए/नभएको स्थलगत अनुगमन गर्नेछ।

८. अनुदान सिफारिस तथा अनुगमन समितिबाट स्थलगत अनुगमन गरि काम भए नभएको निर्णय गर्नेछ ।

९. अनुदान सिफारिस तथा अनुगमन समितिको निर्णयको आधारमा कञ्चन गाउँ पालिका पशु सेवा शाखाले भुक्तनीको सिफारिस गर्नेछ।

**रकमको उपयोग**

- यस कार्यक्रम अन्तर्गत साना माछा पालन गर्ने कृषकलाई नयाँ पोखरी निर्माण, डिल सुधार , भुरा खरिद तथा उपकरण सामग्री आदिमा अनुदान दिइनेछ ।
- यस कार्यक्रम अन्तर्गत मझौला माछा पालन गर्ने कृषकलाई नयाँ पोखरी निर्माण, डिल सुधार, नर्सरी पोखरी निर्माण, रियरिङ पोखरी निर्माण, भुरा खरिद, सिपोलिन प्लाष्टिक, दाना वनाउने मेशिन , जाल/महाजाल र उपकरण सामग्री खरिद आदिमा अनुदान दिइनेछ ।
- यस कार्यक्रम अन्तर्गत ठुला व्यवसायिक माछा पालक कृषकलाई नयाँ पोखरी निर्माण, डिल सुधार, मत्स्य ह्याचरी निर्माण, स्पनिग्ङ ट्याङक, एरिएटर, सिपोलिन प्लाष्टिक , जिउँदो माछा विक्रि गर्ने स्टल निर्माण, दाना उत्पादन गर्ने ग्रेण्डर मिक्चर, जाल/महाजाल खरिद, नयाँ पोखरी निर्माण, पानी सप्लाईको लागि पाईप खरिद र उपकरण सामग्री खरिद आदिमा अनुदान दिइनेछ ।
- नयाँ पोखरी निर्माण गर्न प्रति कठ्ठा अधिकतम रु १०,०००। को दरले अनुदान रकम उपलब्ध गराइनेछ।
- नयाँ पोखरी निर्माण गर्ने नयाँ कृषकको हकमा शुरुको आवमा पोखरी निर्माण वाहेक अन्य कार्यको लागी अनुदान रकम उपलब्ध गराइने छैन ।
- पुरानो पोखरीको हकमा पोखरी मर्मत गर्नको लागि प्रति कठ्ठा अधिकतम रु ३०००।- को दरले अनुदान रकम उपलब्ध गराइनेछ।
- अन्य उपकरण तथा सामाग्रीहरुको हकमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ ।

**परिच्छेद ११**

# गोठ / खोर / सुधार मा ५० प्रतिशत अनुदान कार्यक्रम संचालन विधिः

**परिचय :**

यस कञ्चन गाउँपालिका क्षेत्र भित्र रहि पशुपंक्षी पालन ब्यावसाय संचालन गरेका कृषकहरुले पशुपंक्षी पालन ब्यावसाय संचालन गरि पशु तथा पशु जन्य पदार्थको उत्पादन बृद्धि तथा विक्रि वितरण गर्नुका साथै स्वरोजगार श्रृजना गर्ने उदेश्यका निम्ती यो गोठ/खोर/सुधार कार्यक्रम संचालन कार्यविधि तयार गरिएको छ ।

**कार्यक्रम संचालन प्रकृयाः**

१. कञ्चन गाउँपालिकाको स्विकृत वार्षिक वजेट कार्यक्रममा उल्लेख भए बमोजिम कार्यक्रम संचालनको लागी प्रस्ताव आब्हान सम्वन्धि सुचना प्रकाशन गरिनेछ।

२. सुचना प्रकाशन भएपछी यस कञ्चन गाउँपालिका भित्र रहि पशुपंक्षी पालन ब्यावसाय संचालन गरेका ईच्छुक पशुपंक्षी पालक कृषकहरुले देहाय वमोजिमका कागजातका साथ कञ्चन गाउँ पालिका पशु सेवा शाखामा निवेदन पेश गर्नु पर्नेछ।

क) अनुसुचि १ वमोजिमको निवेदन ।
ख) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
ग) अनुसुचि २ वमोजिमको ब्यावसायिक कार्ययोजना ।
घ) सम्वन्धित वडा कार्यालयको सिफारिस ।
ङ) अनुसुचि २५ वमोजिमको स्वःघोषणा पत्र ।

३. यस कार्यक्रमसँग मिल्ने किसिमको अनुदान रकम/सामाग्री/उपकरण/तथा अन्य बस्तु विगत दुई आ.व. मा नेपाल सरकार/प्रदेश सरकार/अन्य निकायबाट अनुदान लिएकोलाई यस कार्यक्रममा समावेश गराइनेछैन ।

४. संचालन हुने कार्यक्रमले सामाजिक तथा वातावरणिय नकारात्मक प्रभाव पर्ने देखिएमा अनुदान कार्यक्रममा समावेश गराइने छैन ।

५. प्राप्त आवेदनको आधारमा अनुदान सिफारिस तथा अनुगमन समितिवाट स्थलगत अनुगमन गरि तयार गरिएको प्रतिवेदन अनुसार उक्त समितिले वैठक बसी कृषक छनौटको निर्णय गर्नेछ । कृषक छनौटको मूल्याङकनको आधारहरु देहाय वमोजिम हुनेछन ।

**गोठ/खोर सुधार अनुदानको लागी पशुपंक्षी संख्याको मापदण्ड**

| **क्र.सं.** | **पशुपंक्षीको किसिम** | **तोकिएको मापदण्ड संख्या** | | |
|---|---|---|---|---|
| | | **न्युनतम** | **मध्यम** | **अति उत्तम** |
| १ | गाई/भैंसी | १ — ४ माउ | ५ — १० माउ | ११ माउ देखि माथी |
| २ | भेंडा/बाख्रा | १ - १४ माउ | १५ — २५ माउ | २६ माउ देखि माथी |
| ३ | बंगुर सुंगुर | १ — ४ माउ | ५ — १० माउ | ११ माउ देखि माथी |
| ४ | पंक्षी | १०० — ४९९ गोटा | ५०० — ५००० गोटा | ५००१ गोटा देखि माथी |

**स्थलगत अनुगमन तथा मुल्याङ्कनका आधार र मापदण्डहरु (गाई/भैंसी,भेंडा/बाख्रा,बंगुर)**

| **क्र.सं.** | **अनुगमन तथा मुल्याङ्कनको आधारहरु** | **स्थलगत अनुगमन गर्दा दिइने अंक** | | |
|---|---|---|---|---|
| | | **अधिकतम अंक** | **मध्यम अंक** | **न्युन अंक** |
| १ | ब्यवसायको सम्भाब्यता / उपयुक्ता | अतिराम्रो ३० | मध्यम २० | न्युन १० |
| २ | पालिरहेको पशु संख्या | अति उत्तम ३० | मध्यम २० | न्युन १० |

| | | | | |
|---|---|---|---|---|
| ३ | घाँस खेति गरेको क्षेत्रफल | ११ कठ्ठा भन्दा बढि - २० | ५-१० कठ्ठा सम्म - १० | १—४ कठ्ठा सम्म - ५ |
| ४ | जैबिक तथा पर्यावरणीय सुरक्षा बिधि | अतिराम्रो २० | मध्यम १० | न्युन ५ |

**स्थलगत अनुगमन तथा मुल्याङ्कनका आधार र मापदण्डहरु (पंक्षी )**

| क्र.सं. | अनुगमन तथा मुल्याङ्कनको आधारहरु | स्थलगत अनुगमन गर्दा दिइने अंक | | |
|---|---|---|---|---|
| | | **अधिकतम अंक** | **मध्यम अंक** | **न्युन अंक** |
| १ | ब्यवसायको सम्भाब्यता / उपयुक्तता | अतिराम्रो ४० | मध्यम २५ | न्युन १० |
| २ | पालिरहेको पंक्षी संख्या | अति उत्तम ४० | मध्यम २५ | न्युन १० |
| ३ | जैबिक तथा पर्यावरणीय सुरक्षा बिधि | अतिराम्रो २० | मध्यम १० | न्युन ५ |

४. छनौटमा परेका कृषकले कञ्चन गाउँपालिका वा वडाका पुर्वाधार विकास शाखा अन्गर्गतका प्राविधिकवाट लागत स्टिमेट गराई सकेपछि पशु सेवा शाखामा सम्पर्क गरि सम्झौता गर्नु पर्नेछ।

५. छनौटमा परेका कृषकहरुले सम्झौतामा उल्लेख भएको समय अवधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. कार्य सम्पन्न भएपछि सम्वन्धित कृषकले देहाय वमोजिमका कागजात कञ्चन गाउँपालिका पशु सेवा शाखामा पेश गर्नु पर्नेछ।

क) सम्वन्धित प्राविधिकवाट सम्पन्न भएका लागत स्टिमेट, नापि फारम तथा कार्य सम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई ।

ख) सम्वन्धित वडा कार्यालयवाट कार्य सम्पन्नको सिफारिस ।

ग) कार्यसम्पन्न गरिएको संरचना तथा उपकरणको फोटोहरु ।

घ) भुक्तानीको लागी निवेदन ।

